# नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## सिंहदरबार, काठमाण्डौं
### (मानव संसाधन तथा कर्मचारी कल्याण शाखा)

पत्र संख्या - २०८३/८४
चलानी नं. - १२९

मितिः २०८३/०६/०२

**विषयः माग आकृति फाराम पठाउने सम्बन्धमा।**

श्री सेवा समूह उपसमूह सञ्चालन गर्ने मन्त्रालय/निकायहरु सबै।

लोक सेवा आयोगको स्वीकृत वार्षिक कार्यतालिका अनुसार आ.व. २०८३/८४ मा निजामती सेवाका रिक्त पदपूर्ति गर्ने प्रयोजनका लागि तहाँ मन्त्रालय/निकायले सञ्चालन गर्ने सेवा, समूह, उपसमूह अन्तर्गत विभिन्न निकायमा रहेका रा.प. द्धितीय श्रेणी (प्राविधिक/अप्राविधिक) र रा.प. तृतीय श्रेणी (प्राविधिक/अप्राविधिक) रिक्त पदहरूको विवरण खुल्ने माग आकृति फाराम तपसिल अनुसारको ढाँचामा भरी पछिसम्म फरक नपर्ने गरी मिति २०८३ असोज १२ गतेसम्म मन्त्रालयमा प्राप्त हुने गरी उपलब्ध गराई दिनुहुन साथै मन्त्रालयको इमेल ठेगाना **hrd.section@mofaga.gov.np** मार्फत समेत अनिवार्य रुपमा पठाउनु हुन निर्णयानुसार अनुरोध छ।

**तपसिलः**

| क्र.सं | सेवा | समूह/उपसमूह | श्रेणी | पद | कुल स्वीकृत दरबन्दी | कार्यरत संख्या | रिक्त संख्या | | | जम्मा रिक्त पद | माग संख्या | अवकाश, राजीनामा, कारवाहीमा परी रिक्त हुनेहरूको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बढुवा | अवकाश | अन्य | | | नाम थर | मिति | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| | | | | | | | | | | | | | | |

**माग आकृति पठाउँदा ध्यान दिनु पर्ने विषयहरु:**

- पद रिक्त भएको पुष्ट्याई कागजात (अवकाश पत्र, बढुवा नियुक्ति पत्र, दरबन्दी सृजनाको निर्णय (तेरिज), राजीनामा स्वीकृतिको पत्र आदि) संलग्न हुनु पर्नेछ।
- सम्बन्धित सेवा, समूह, उपसमूह र श्रेणीको पदमा कार्यरत कर्मचारीको नामावली (सूची) र उक्त पदको स्वीकृत दरबन्दी तेरिज संलग्न हुनु पर्नेछ।
- साथै, माग आकृति फाराम पठाउँदा नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता भएका पदहरूलाई मात्र समावेश गर्नु पर्नेछ।
- दरबन्दी संख्या, कार्यरत कर्मचारी संख्या र रिक्त पदको विवरण राष्ट्रिय किताबखाना (निजामती) को विवरणसँग अद्यावधिक तथा भिडान भएको हुने पर्नेछ।
- आफ्नो मन्त्रालय/निकायले सञ्चालन गर्ने सेवा/समूह/उपसमूहका पदहरू अन्य निकायमा कार्यरत रहेको भए सो समेत समावेश गरिएको पर्नेछ।
- माग आकृति तयारी सम्बन्धी कार्यविधि, २०७७ का व्यवस्थाहरू तथा लोक सेवा आयोगको वार्षिक कार्यतालिका २०८३/८४ को कार्यतालिकालाई दृष्टिगत गरी निर्धारित समयमा नै माग आकृति फाराम पठाउनु पर्नेछ।

.......
(सुमन खड्का)
शाखा अधिकृत